## चालकहरुका लागि साधारण सर्तहरु (नेपाल)

देहायका साधारण सर्तहरु नेपालमा बोल्टको सेवामा लागु हुने तथा सोको प्रयोगको नियमन गर्नको निम्ति मुख्य सर्त र बन्देजहरु हुनेछन् । बोल्टको प्लेटफर्मबाट हायर सेवा प्रदान गर्नको निम्ति तपाईले देहायका सर्त र बन्देजहरु स्वीकार गर्नुपर्दछ ।

सम्पर्क विवरण:

हाम्रो इमेल: nepal-driver@bolt-drivers.com

बोल्ट एप: बोल्ट एपको च्याट सेवा मार्फत हाम्रो ग्राहक सहायता समुहलाई सम्पर्क गर्न सक्नुहुन्छ ।

1. **परिभाषा**

१.१ बोल्ट ("हामी" अथवा "हाम्रो" समेतले जनाउने) - Bolt Operations **OÜ** एक एस्टोनियाको कानूनबमोजिम दर्ता तथा स्थापना गरिएको प्राइभेट लिमिटेड कम्पनी हो जसको दर्ता नं. १४५३२९०१, तथा दर्ता कार्यालय Vana-Lõuna tn 15, Tallinn 10134, एस्टोनियामा रहेको छ, यस शब्दले बोल्ट समुहका अन्य कम्पनी वा बोल्टको सेवा Bolt Operations **OÜ** आफैले प्रवाह नगर्ने खण्डमा सोको साझेदारलाई समेत जनाउँछ ।बोल्ट समूह कम्पनीहरु तथा साझेदारहरुको सूची यहाँ उपलब्ध छ : https://bolt.eu/cities/

१.२ बोल्टको सेवाहरु - बोल्टले प्रवाह गर्ने सेवाहरु, जसले बोल्ट एपको प्रावधान र सोको मर्मतसंहार गर्ने कार्य, बोल्ट प्लेटफर्म, ग्राहक सहायता, सवारीचालक र ग्राहकबीचको संचार लगायत अन्य सो किसिमका सेवाहरुलाई समेत जनाउँछ ।

१.३ बोल्ट एप - बोल्टले उपलब्ध गराएको स्मार्टफोन एप्लिकेसनहरुको सामुहिक नाम जसको मार्फत:

(अ) (सवारीचालकका लागि) सवारीचालकहरुले ग्राहकलाई हायर सेवा प्रवाह गरिने; तथा

(आ) (ग्राहकको लागि) ग्राहकले सवारीचालकलाई हायर सेवा अनुरोध गरिने ।

१.४ बोल्ट प्लेटफर्म - ग्राहकहरुलाई चालकहरुसँग जोडी उनीहरुलाई सहरहरूमा अझ प्रभावकारी रूपमा आवतजावत गर्न मद्दत गर्ने प्रविधि ।

१.५ ग्राहक - बोल्ट प्लेटफर्मको प्रयोग गरी हायर सेवाको अनुरोध गर्ने व्यक्ति ।

१.६ चालक ("तपाई" ले समेत जनाउने) - बोल्ट प्लेटफर्मको प्रयोग गरी हायर सेवा प्रदान गर्ने व्यक्ति । हरेक चालकले बोल्ट एप तथा बोल्ट प्लेटफर्मको प्रयोगको निम्ति व्यक्तिगत बोल्ट ड्राइभर अकाउन्ट पाउनेछन् ।

१.७ सम्झौता - बोल्ट सेवाको प्रयोगको निम्ति चालक र बोल्ट बीच गरिएको यस सम्झौता जसमा देहायका विषय समावेश गरिएका छन् :

१.७.१ यी साधारण सर्तहरु ;

१.७.२ बोल्ट एपमा उल्लेख गरिएको विशेष सर्तहरु, जस्तै मूल्य विवरण वा सेवा विवरण;

१.७.३ सवारीचालकका निम्ति बनाइएको निर्देशिका; तथा

१.७.४ समय समयमा संशोधन गर्न सकिने यस सम्झौतामा उल्लेख गरिएका अन्य सर्तहरु ।

१.८ बोल्ट शुल्क - चालकले बोल्ट प्लेटफर्मको प्रयोग गरेकोवापत बोल्टलाई बुझाउनुपर्ने शुल्क ।

१.९ बोल्ट ड्राइभर अकाउन्ट - हायर सेवा प्रदान गर्ने बखत बोल्ट सेवाको प्रयोग सम्बन्धी लेखा विवरण लगायतको जानकारी तथा कागजातहरु रहेको वेबसाइटमा हुने पहुँच । सवारीचालकले यूजरनेम र पासवर्ड राखी https://partners.bolt.eu मार्फत बोल्ट ड्राइभर अकाउन्टमा पहुँच गर्न सक्नेछन् ।

१.१० सेवा शुल्क - हायर सेवा प्रदान गरेकोवापत ग्राहकले सवारीचालकलाई बुझाउनुपर्ने शुल्क ।

१.११ हायर सेवा - चालकले बोल्ट एप मार्फत ग्राहकको अनुरोधलाई स्वीकार गरी उक्त ग्राहकलाई प्रदान गर्ने हायर सेवा ।

**2.** सम्झौतामा प्रवेश

२.१ बोल्ट सेवाको प्रयोग गर्नुअघि तपाईले वेबसाईटमा उल्लेखित साइन-अप एप्लिकेसनमा उल्लेख गरिएको विवरणको जानकारी गराई हामीले आवश्यक ठानेका कागजात अपलोड गरी साइन-अप गर्नुपर्नेछ । तपाईले प्राकृतिक वा कानूनी व्यक्तिको रूपमा साइन-अप गर्न सक्नुहुनेछ । साइन-अप एप्लिकेसनको सफलतापूर्वक समाप्तिपश्चात हामी तपाईलाई यूजरनेम र पासवर्ड मार्फत एउटा व्यक्तिगत अकाउन्ट प्रदान गर्छौं ।साइन-अप एप्लिकेसनको अन्त्यमा रहेको "साइन-अप" बटन क्लिक गरी तपाईले देहायबमोजिम प्रतिनिधित्व र वारेन्ट गर्नुहुन्छ :

२.१.१ वैध कानूनी कार्य बमोजिम तपाई बोल्ट प्लेटफर्मको प्रयोग गरी हायर सेवा प्रदान गर्ने प्रयोजनार्थ हामीसँग सम्झौता गर्न सक्षम हुनुहुन्छ;

२.१.२ तपाईले ध्यानपूर्वक पढी, पूर्णरूपमा बोध गरी यहाँ उल्लेख गरिएबमोजिम र सम्झौता बमोजिम उत्पन्न हुने सम्पूर्ण दायित्त्व निर्वाह गर्ने लगायत यस साधारण सर्तहरुको अधीनमा रही कार्य गर्न सहमत हुनुहुन्छ;

२.१.३ तपाईले हामीलाई दिनुभएको सम्पूर्ण जानकारी सही, ठीक, र पूर्ण छ;

२.१.४ तपाईले बोल्ट ड्राइभर अकाउन्ट सही र सो मा सदैव आफ्नो प्रोफाइल विवरण अद्यावधिक राख्नुहुन्छ;

२.१.५ तपाई अन्य कोही व्यक्तिलाई आफ्नो बोल्ट ड्राइभर अकाउन्ट प्रयोग गर्न दिनुहुन्न तथा कसैलाई हस्तान्तरण वा जिम्मा गर्नुहुन्न ;

२.१.६ तपाई अनाधिकृत वा गैरकानूनी कार्यको लागि बोल्टको सेवाहरुको प्रयोग गर्नुहुन्न तथा बोल्टको सेवाहरुको उचित संचालनलाई असर पार्नुहुन्न ।

२.१.७ तपाई हायर सेवा सम्बन्धी सेवा प्रवाह गर्ने बखत सदैव हायर सेवालाई नियमन गर्ने कानून लगायत (त्यस समेत अन्य) आफ्नो राज्यमा लागू हुने सम्पूर्ण कानून तथा नियमलाई पूर्ण पालना गर्नुहुन्छ ।

२.२ साइन-अप एप्लिकेसन पेश गरेपश्चात तपाईले बोल्टको सेवाहरुको प्रयोग गर्नको निमित्त पुरा गर्नुपर्ने थप सर्तहरु सहितको एउटा इमेल प्राप्त गर्नुहुनेछ । उक्त शर्तहरुमा व्यक्तिगत आपराधिक प्रतिवेदन, वैध सवारीचालक अनुमतिपत्र, सवारी साधनको सन्तोषजनक प्राविधिक अवस्था, प्रशिक्षण कोर्षको समापन, जी.पी.एस प्रयोग गर्न मिल्ने मोबाइल डिभाइसको स्वामित्व भएको विवरण पेश गर्ने लगायत सो इमेलमा समावेश गरिएका अन्य सर्तहरु हुन सक्छन । उक्त आवश्यकताहरु र सर्तहरु पुरा गर्न नसकेको खण्डमा सम्झौता र बोल्टको सेवाहरुको प्रयोग गर्ने अधिकारको अन्त्य हुनसक्छ ।

२.३ विशेष शहर वा देशहरुमा हाम्रो साधारण सर्तहरु वा सम्झौता बमोजिम उत्पन्न हुने दायित्त्वहरु Bolt Operations **OÜ** ले बोल्ट समूह कम्पनीहरु र साझेदारहरुलाई हस्तान्तरण गर्न सक्ने कुरामा तपाई सहमत हुनुहुन्छ । यसमा साइन-अप एप्लिकेसन, तालिमहरु, बोल्ट एपलाई लाइसेंसिंग गर्ने सम्बन्धी कागजातहरुको परीक्षण गर्ने लगायत अन्य हक तथा दायित्त्व हस्तान्तरण हुनेछ । बोल्ट समूह कम्पनी तथा साझेदारहरुको विवरण यहाँ उपलब्ध छ: [https://bolt.eu/cities/](https://bolt.eu/cities/) ।

२.४ कानूनी व्यक्ति (कम्पनी) को रूपमा अकाउन्ट दर्ता । सो भएको खण्डमा उल्लेखित कानूनी व्यक्तिलाई हायर सेवाको प्रदायक तथा यस साधारण सर्तहरुको र थप सम्झौताहरुको पक्ष मानिने छ । साइन-अप प्रक्रियामा ड्राइभर भनेर उल्लेख गरिएको व्यक्तिहरुले मात्रै तपाईको तर्फबाट हायर सेवा प्रदान गर्न सक्नेछ साथै सो व्यक्तिहरुले यस साधारण सर्तहरुको विपरित कार्य नगर्ने सहमति गरेपश्चात मात्रै हायर सेवा प्रदान गर्न पाउनेछ ।

२.५ फ्लीट कम्पनीको रूपमा बोल्ट ड्राइभर अकाउन्ट दर्ता । एउटा फरक सम्झौता गरेपश्चात फ्लीट कम्पनीहरुले आफै आफ्नो कर्मचारी र/वा सेवा प्रदायकहरुको अकाउन्ट दर्ता गर्न सक्नेछन् । सो भएको खण्डमा उक्त फ्लीट कम्पनीले आफ्नो कर्मचारी वा सेवा प्रदायकहरुले साधारण सर्तहरु, सम्झौता तथा अन्य थप सम्झौताहरुको पालना गर्नेछन् र त्यसका शर्त र दायित्त्व पालना गर्ने र सोहि बमोजिम कार्य गर्ने कुराको सुनिश्चित गर्नुपर्नेछ । त्यस्ता कर्मचारी र/वा सेवा प्रदायकबाट भएको कुनैपनि उल्लङ्घन बापत फ्लीट कम्पनीहरु र यसका कर्मचारी र/वा सेवा प्रवाहकर्ताहरु सामुहिक तथा व्यक्तिगत रूपमा सोको उत्तरदायी रहने छन्।

३. बोल्ट एप तथा बोल्ट ड्राइभर अकाउन्ट प्रयोग गर्ने अधिकार

३.१ बोल्ट एप तथा बोल्ट ड्राइभर अकाउन्ट प्रयोग गर्ने अनुमति । तपाईको यस सम्झौता पालना गर्ने सर्तमा हामी तपाईलाई बोल्ट एप तथा बोल्ट ड्राइभर अकाउन्ट प्रयोग गर्ने अनुमति प्रदान गर्दछौं । यस अनुमतिले तपाईलाई कोही तेश्रो व्यक्तिलाई सब-लाइसेन्स प्रदान गर्ने वा कुनै हक हस्तान्तरण गर्ने अधिकार प्रदान गर्दैन । माथि जुनसुकै कुरा लेखिएको भएतापनि र अर्को पृथक सम्झौता गरी स्वीकार गरिएकोमा, फ्लीट कम्पनीहरुले बोल्ट एप तथा बोल्ट ड्राइभर अकाउन्ट आफ्नो फ्लीटको सदस्यहरुलाई सब-लाइसेन्स प्रदान गर्न सक्नेछ ।

३.२ बोल्ट एप र/वा बोल्ट ड्राइभर अकाउन्ट प्रयोग गर्ने बखत तपाईले देहाय बमोजिमको कार्य गर्न प्रतिबन्धित छ:

३.२.१ बोल्ट एप, बोल्ट ड्राइभर अकाउन्ट वा बोल्टको अन्य सफ्टवेयरको डिकम्पाइल, रिभर्स इन्जीनियर गरी, वा सोको सोर्स कोड पाउने कुनै प्रयत्न गर्ने;

३.२.२ बोल्ट एप वा बोल्ट ड्राइभर अकाउन्टलाई कुनै मध्यम वा तरिकाबाट परिमार्जन गर्ने वा परिमार्जित बोल्ट एप वा बोल्ट ड्राइभर अकाउन्ट प्रयोग गर्ने;

३.२.३ बोल्ट प्लेटफर्मको संचालनमा हानी वा नकारात्मक असर हुन सक्ने भाइरस भएको फाइल, करप्टेड फाइल अथवा अन्य प्रोग्रामहरु स्थानान्तरण गर्ने;

३.२.४ बोल्ट एप, बोल्ट ड्राइभर अकाउन्ट वा बोल्टको अन्य अरु सेवाहरुमा अनाधिकृत पहुँच प्राप्त गर्ने प्रयत्न गर्ने ।

३.३ यस सम्झौता रद्द भएपश्चात यस सम्झौता बमोजिम प्रदान गरिएको अनुमति स्वत: र एकैपटक बदर हुनेछ । सम्झौता रद्द भएपश्चात तपाईंले तुरुन्तै बोल्ट एप र बोल्ट ड्राइभर अकाउन्टलाई प्रयोग गर्न छोड्नुपर्छ र हामीले पुर्व जानकारी बिना ड्राइभर अकाउन्टलाई ब्लक गर्न तथा हटाउन सक्नेछौं।

३.४ बोल्टको ट्याग तथा लेबलको प्रयोग । हामीले तपाईलाई बोल्टको ब्राण्ड झल्किने वा बोल्ट प्लेटफर्मको प्रयोग गरेको देखिने ट्याग, लाबेल, स्टिकर वा अन्य चिन्ह प्रदान गर्न सक्नेछौं । हामी तपाईलाई बोल्ट प्लेटफर्म मार्फत हायर सेवा प्रवाह गर्नुहुन्छ भनी संकेत गर्नको निम्ति एकाधिकार रहित, सब-लाइसेन्स गर्न नमिल्ने, हस्तान्तरण गर्न नमिल्ने गरी त्यस्ता चिन्हहरुको प्रयोग गर्ने अनुमति दिन्छौं । सम्झौता रद्द भएपश्चात तपाईले तुरुन्तै कुनै पनि बोल्ट ब्राण्डको संकेत दिने चिन्हहरु हटाउन पर्नेछ ।

३.५ सोर्स कोड, डाटाबेसेस, लोगो र भिजुअल डिजाइन लगायत सम्पूर्ण प्रतिलिपि तथा ट्रेडमार्कहरु बोल्टको स्वामित्त्वमा रहेको छ र सोलाई प्रतिलिपि, ट्रेडमार्क र/वा ट्रेड सेक्रेट कानूनबमोजिम तथा अन्तर्राष्ट्रिय सन्धिहरुको प्रावधान बमोजिम सुरक्षित गरिएको छ । बोल्ट प्लेटफर्म वा अन्य बोल्टका सेवाहरुको प्रयोग मार्फत तपाईले सो बौद्धिक सम्पत्तिको स्वामित्त्वको हक ग्रहण गर्नुहुने छैन ।

४. हायर सेवाको प्रदान

४.१ चालकको दायित्वहरु । तपाईले यस साधारण सर्तहरु, सम्झौता, साथै तपाईले हायर सेवा प्रवाह गर्नुहुने ठाउंको कानून तथा नियम बमोजिम हायर सेवा प्रवाह गर्ने सुनिश्चित गर्नुहुन्छ । हायर सेवा प्रवाह गर्ने सन्दर्भमा कुनै स्थानीय कानून तथा नियमको उल्लङ्घन भएमा तपाई पूर्ण रूपमा जिम्मेवार हुनुहुनेछ भन्ने व्यहोरा अनुरोध गरिन्छ ।

४.२ तपाईको साथमा सम्बन्धित क्षेत्रमा हायर सेवा प्रवाह गर्ने आवश्यक सम्पूर्ण अनुमतिपत्र (बैध सवारीचालक अनुमतिपत्र समेत), प्रवेश अनुमति, सवारीसाधनको बीमा, दायित्व बीमा (लागु हुने भएमा मात्र), दर्ता, प्रमाणपत्रहरु साथै अन्य आवश्यक कागजात रहेको हुनुपर्नेछ । उल्लेखित कागजातको वैधता अद्‍यावधिक गर्ने जिम्मेवारी तपाईको हुनेछ । बोल्टसँग तपाईबाट प्रमाण प्रस्तुत गराउन तथा परीक्षणको लागि सम्पूर्ण आवश्यक अनुमतिपत्र, प्रवेश अनुमति, अनुमति, अख्तियारी, दर्ता तथा प्रमाणपत्र पेश गर्न लगाउने अधिकार रहेको छ । कुनै सम्बन्धित कानूनले वा कुनै निकायले हामीलाई तपाईको हायर सेवा प्रवाहको सन्दर्भमा जानकारी माग गरी निवेदन पेश गरेको खण्डमा हामीले सो निकायलाई तपाईको कार्यको सम्बन्धित कानूनले माग गरे बमोजिमको  जानकारी दिन सक्छौं । साथै, हायर सेवासँग सम्बन्धित सबै कानून तथा नियमको पालना गर्नुपर्ने जिम्मेवारी तपाईको रहनेछ ।

४.३ तपाईले हायर सेवा प्रदान गर्दा व्यवसायिक ढंगबाट व्यवसायको सदाचार बमोजिम सोको सेवा प्रवाह गर्नुपर्छ तथा ग्राहकको इच्छा बमोजिम ग्राहकको सर्वोत्तम हितलाई ध्यानमा राखी कार्य गर्नुपर्छ । अन्य लगायत, तपाईले (अ) ग्राहकले अन्य अनुरोध गरेकोमा बाहेक, ग्राहकको प्रथम अनुरोध बमोजिम उपयुक्त र छरितो ढंगले हायर सेवा प्रवाह गर्नुपर्छ; (आ) अनाधिकृत रूपमा रोक्न मनाही छ; (इ) सवारीसाधनमा ग्राहक र निजसंग चढेका बाहेक अन्य कोही ग्राहकहरु राख्न मनाही छ; तथा (ई) सम्बन्धित ट्राफिकका ऐन र नियमहरुलाई पालना गर्नुपर्छ, सो भन्नुको अर्थ सवारी चलिरहेको बेला फोन हातमा समाउनु जस्ता कुनै कार्य जसले सवारी चलाउने कार्यमा वा ट्राफिक अवस्थाको धारणामा अवरोध ल्याउँछ ।

४.४ हायर सेवा कहिले प्रदान गर्ने भन्ने कुराको निर्धारण गर्ने अधिकार तपाईसंग रहेको छ । तपाईले आफ्नो इच्छा बमोजिम ग्राहकले गरेको हायर सेवाको अनुरोध स्वीकार गर्न, अस्वीकार गर्न वा वेवास्ता गर्न सक्नुहुन्छ ।

४.५ हायर सेवा प्रदान गर्दा लाग्ने खर्च । तपाईमा हायर सेवा प्रदान गर्दा आवश्यक हुने सवारी साधन, स्मार्टफोन, आदि  लगायतका सम्पूर्ण उपकरण र माध्यमहरुको व्यवस्थापन आफ्नै खर्चमा गर्ने जिम्मेवारी रहनेछ । हायर सेवा प्रवाह गर्ने बखत लाग्ने इन्धन, मोबाइल डेटा खर्च, सरकारी शुल्क, सवारीसाधनको एमोर्टाइजेसन्, बीमा, सम्बन्धित व्यवसायिक अथवा आय बापतको कर लगायत अन्य खर्च समेत तपाईले व्यहोर्नुपर्नेछ । बोल्ट एपको प्रयोगले तपाइको मोबाइल डेटा प्लानमा हुने डेटा धेरै मात्रामा खर्च हुन सक्दछ । त्यसैले हामी तपाईलाई अनलिमिटेड वा धेरै डेटा पाइने डेटा प्लानलाई सव्सक्राइव गर्न सुझाव दिन चाहन्छौं ।

४.६ सेवा शुल्क । हरेक पटक तपाईले बोल्ट प्लेटफर्ममा ग्राहकको अनुरोधलाई स्वीकार गरी हायर सेवा समाप्त गरेकोमा तपाईले सो वापत सेवा शुल्क माग गर्न सक्नुहुन्छ (अत: सेवा शुल्क) । हायरको समयावधि, स्थानीय बजारको अवस्था तथा नियम बमोजिम सेवा शुल्क दर निर्धारण गरिन्छ । साथै, बोल्ट एपले संकेत गरेको भन्दा न्युन सेवा शुल्क माग गर्ने अधिकार तपाईको सदैव रहनेछ ।

४.७ यदि ग्राहकको अनुरोधको अवज्ञा गरेको पाइएमा (जस्तै लामो दुरीबाट लागेमा वा हायर सेवाको अन्त्य नगरेमा), यदि प्राविधिक कारणले अन्तिम सेवा शुल्कलाई असर गरेको देखिएमा, वा हामीलाई जालसाजी भएको आशंका गर्नुपर्ने प्रयाप्त कारण भएमा बोल्टले सो विशेष अनुरोधको सेवा शुल्क संशोधन गर्न सक्नेछ । बोल्टले न्यायोचित र मनासिव रूपमा मात्रै यस प्रावधानमा समावेश भएको हकको प्रयोग गर्नेछ ।

४.८ ग्राहकले सेवा शुल्क नगतमा बुझाउनु पर्नेछ र सो सेवा शुल्क बुझ्ने जिम्मेवारी तपाईको रहनेछ । यदि कुनै ग्राहकले बोल्ट एपमा तपाईको जानकारी गलत लेखेको भन्ने आधारमा न्यायोचित रूपमा सेवा शुल्क बुझाउन इन्कार गरेमा बोल्टले तपाईलाई सो खर्चको सोधभर्ना गर्ने छैन ।

४.९ रसिद । हायर सेवाको प्रत्येक सफलतापूर्ण अन्त्यपछि बोल्टले रसिद बनाएर ग्राहकलाई प्रदान गर्दछ जसमा देहायको केही वा सबै विवरण समावेश हुन्छः चालकको नाम र थर, सवारी साधनको दर्ता नं., मिति, हायर सेवा वापत बुझाएको सेवा शुल्क । बोल्ट ड्राइभर अकाउन्ट मार्फत तपाईलाई पनि प्रत्येक हायर सेवा प्रदान गरेको रसिद उपलब्ध हुनेछ । यद्यपि तपाईको निम्ति बोल्टले कुनै प्रकारको कर बिलबिजक जारी नगर्ने व्यहोरा जानकारी गराइन्छ ।

४.१० तपाईको कर दायित्त्व । तपाई हायर सेवाको सम्बन्धित कानूनबाट उत्पत्ति भएको देहाय लगायतको कर दायित्त्व आफै वहन गर्नु पर्ने जिम्मेवारी स्वीकार गर्नुहुन्छ (अ) कानून बमोजिम ग्राहकलाई प्रदान गर्नु पर्ने कर बिलबिजक जारी गर्ने (आ) आयकर, सामाजिक सुरक्षा कर वा अरु कुनै लाग्ने कर तिर्ने (इ) कानून बमोजिम राज्यलाई बुझाउनुपर्ने दायित्त्वको लेखाजोखा निर्धारण गर्नको निम्ति कर्मचारी तथा कर दर्ता सम्बन्धित दायित्त्व पुरा गर्ने । यदि करको निकायले हामीलाई निवेदन मार्फत तपाईको कार्यसँग सम्वन्धित जानकारी उपलब्ध गराउन माग गरेमा, हामीले कानूनको अधीनमा रही तपाईको कार्यसँग सम्वन्धित जानकारी उपलब्ध गराउन सक्छौं । साथै, हायर सेवा प्रवाहसंग सम्बन्धित सम्पूर्ण कर नियमावलीको पालन गर्नुपर्ने जिम्मेवारी तपाईको रहनेछ । तपाईले पुरा नगर्नुभएको सम्बन्धित कर नियमहरुबाट उत्पत्तिहुने दायित्वहरुका सम्बन्धमा बोल्टले तिरेको शुल्क, दाबी, तिरो, जरिवाना, अथवा अन्य कर दायित्त्व तपाईले बोल्टलाई क्षतिपूर्ति वापत फिर्ता बुझाउनुहुन्छ भनी स्वीकार गर्नुहुन्छ (आयकर र सामाजिक कर समेत) ।

४.११ हायर सेवा प्रदान गर्नुअघि तपाईले सही ग्राहकलाई सेवा प्रदान गरिरहनुभएको छ वा ग्राहकले अरुलाई आफ्नो अकाउन्ट प्रयोग गर्न दिएका छन् भनी पुष्टी  गर्नुपर्दछ ।

५. ग्राहक सहायता

बोल्टको सेवाहरुको प्रयोगको निमित्त हामीले चालकहरुलाई ग्राहक सहायताको सुविधा प्रदान गर्छौं । हाम्रो इमेल nepal-driver@bolt-drivers.com हो र तपाईले बोल्ट एपको च्याट सुविधाबाट समेत ग्राहक सहायता समूहलाई सम्पर्क गर्न सक्नुहुन्छ ।

६. रेटिङ्ग तथा एक्टिभिटी

६.१ उच्च स्तरको सेवा सुनिश्चित गर्न र ग्राहकलाई थप विश्वास दिलाउन ग्राहकले तपाईलाई हायर सेवा प्रदान गरे वापत रेटिङ्ग मार्फत मुल्यांकन गर्न र कमेन्ट मार्फत आफ्नो विचार राख्न पाउछन् भनी स्वीकार गर्नुहुन्छ । तपाईको रेटिङ्गको औसत मुल्यांकन तपाईको ड्राइभर अकाउन्टमा रखिन्छ र

ग्राहकलाई बोल्ट एपमा उपलब्ध गराइन्छ । यदि हामीले रेटिङ्ग वा कमेन्ट गलत नियतले दिइएको पाएमा सो रेटिङ्ग वा कमेन्टलाई तपाईको रेटिङ्गको हिसाब गर्दा प्रस्तुत गरिने छैन ।

६.२ रेटिङ्गको अतिरिक्त हामी तपाईको कार्यलाई सुपरिवेक्षण गर्छौं र तपाईलाई सो वापत एक्टिभिटी स्कोर प्रदान गर्छौं जुन तपाईको हायर सेवा अनुरोध स्वीकार गर्ने, अस्वीकार गर्ने, वेवास्ता गर्ने र सम्पन्न गर्ने कार्यमा आधारित हुनेछ ।

६.३ ग्राहकवर्गलाई विश्वासिलो सेवा प्रवाह गर्नको निम्ति हामी सवारीचालकले राख्नुपर्ने न्युनतम औसत रेटिङ्ग तथा न्युनतम एक्टिभिटी स्कोर निर्धारण गर्न सक्छौं । यदि हाम्रो जानकारी पश्चात उल्लेखित समयावधि भित्र तपाईले औसत रेटिङ्ग वा एक्टिभिटी स्कोर नबढाएको खण्डमा तपाईको बोल्ट ड्राइभर अकाउन्ट स्वत: स्थायी वा अस्थायी रूपमा निलम्बन हुनेछ । कुनै बाह्य परिस्थितिले उत्प्रेरित गरेर वा प्रणालीगत त्रुटी भएर वा गलत रेटिङ्गले निलम्बन भएको पाइएमा हामीले निलम्बन उल्टी गर्न सक्छौं ।

७. बजार अवलोकन र अभियान

बजार अवलोकन । हामी तपाईलाई बोल्ट एप, बोल्ट ड्राइभर अकाउन्ट, साधारण संदेश, इमेल अथवा अरु मध्यम मार्फत ग्राहकवर्गको माग सर्वाधिक भएको खण्डमा तपाईको सचेतनाको लागि बजार अवस्था पठाउन सक्छौं । त्यस्ता बजार अवलोकन केवल सुझावकारी मात्र रहनेछ र सो तपाईको निम्ति बन्धनकारी हुने छैन । बजार अवलोकन पूर्वानुमान पूर्व तथ्यांकको आधारमा निर्धारित भएकोले सो बजार अवलोकन सोबखतको तथ्यगत बजारसंग मिल्छ भन्ने सुनिश्चित गर्न सक्दैनौं ।

८. तपाई, हामी र ग्राहकवर्गबीचको सम्बन्ध

८.१ हामी सूचना-समाज सम्बन्धी सेवा दिन्छौं र हामी हायर सेवा प्रदान गर्दैनौं भनि तपाई स्वीकार गर्नुहुन्छ । बोल्ट प्लेटफर्म तथा बोल्टको सेवाहरु प्रदान गरी हामी हायर सेवाको लागि ग्राहकवर्गलाई चालकसंग जोड्ने एउटा मार्केटप्लेसको काम गर्छौं । तपाई र ग्राहककोबीच गरिएको करारको आधारमा तपाईले हायर सेवा प्रदान गर्नुहुन्छ र ग्राहकवर्गलाई प्रदान गरिएको सो हायर सेवा बोल्टबाट स्वतन्त्र रहनेछ भनी स्वीकार गर्नुहुन्छ ।

८.२ तपाई र हाम्रोबीच कुनै रोजगारी सम्झौता अथवा रोजगारी सम्बन्ध छैन र हुने छैन भने स्वीकार गर्नुहुन्छ । तपाई र हामीबीच कुनै संयुक्त व्यवसाय सम्झौता वा समझदारी छैन भनी स्वीकार गर्नुहुन्छ । तपाई हाम्रो कर्मचारी, एजेन्ट, वा प्रतिनिधिको रुपमा काम गर्न अथवा हाम्रो लागि करार गर्न सक्नुहुन्न ।

८.३ यस साधारण सर्तहरुबाट उत्पन्न तपाईको हक वा दायित्व कुनै तेश्रो पक्षलाई हस्तान्तरण गर्न सक्नुहुन्न ।

९. व्यक्तिगत डाटाको प्रशोधन, डाटामा पहुँच

९.१ तपाईको व्यक्तिगत डाटा नेपालकोलागि गोपनियताको जानकारी बमोजिम प्रशोधन गरिन्छ र यस वेबसाइट मा उपलब्ध रहनेछ : https://bolt.eu/en/legal/ ।

९.२ बोल्टसँग सम्पूर्ण व्यक्तिगत डाटाको तथा अन्य प्रदान गरिएको वा बोल्टको सेवाहरुको प्रयोग गर्दा उत्पन्न भएको डाटाको पहुँच हुनेछ । बोल्टले सो डाटाको गोपनियता बनाइरख्न सम्पूर्ण मनासिव कार्य गर्नेछ तथा त्यस्ता डाटामा व्यक्तिगत डाटाभएको खण्डमा लागु हुने गोपनीयताको सम्पूर्ण नीति र कानून अवलम्बन गर्नेछ । गोपनियताको नीति र कानूनले व्यवस्था गरेकोमा बाहेक, बोल्ट र तपाईको करार रद्द भए पश्चातसमेत बोल्टसँग सो डाटामा पहुँच हुनेछ ।

९.३ बोल्ट एपमार्फत बोल्ट ड्राइभर अकाउन्टमा उपलब्ध गराइएको हदसम्म तपाईले पेश गर्नुभएको व्यक्तिगत तथा अन्य पेश गर्नु भएको वा बोल्टको सेवाहरुको प्रयोग गर्दा उत्पन्न भएको डाटाको पहुँच तपाईसंग हुनेछ । सो डाटाको गोपनियता बनाइरख्न सम्पूर्ण मनासिव कार्य गर्नुपर्ने छ र ग्राहकवर्गको व्यक्तिगत डाटा रहेको हदसम्म गोपनीयताको सम्पूर्ण नीति र कानून अवलम्बन गर्नुपर्ने छ ।

१०. दायित्व

१०.१ बोल्ट प्लेटफर्म "जस्तो छ" (एज इज) र "जस्तो उपलब्ध छ" (एज एभाईलेवल) को आधारमा प्रदान गरिन्छ । बोल्ट प्लेटफर्म निर्बाध वा त्रुटी रहित रहन्छ भनी प्रतिन्धित्व वा सुनिश्चित गर्दैनौं । बोल्ट प्लेटफर्ममा हायर सेवा ग्राहकवर्गको अनुरोधको आधारमा हुने भएकोले तपाईको बोल्ट प्लेटफर्मको प्रयोगले हायर सेवाको अनुरोध आउंछ भनी सुनिश्चित गर्दैनौं ।

१०.२ बोल्टको सेवाहरुको प्रयोग गर्दा देहायका लगायत अन्य कुनै हानी नोक्सानी भएमा हामी, बोल्टको प्रतिनिधि, संचालक तथा कर्मचारी कोही जिम्मेवार हुने छैनौँ :

१०.२.१ कुनै प्रत्यक्ष वा अप्रत्यक्ष सम्पत्तिको हानी वा आर्थिक नोक्सान;

१०.२.२ नाफाको वा आंकलन गरिएको बचतको नोक्सान;

१०.२.३ व्यापार, करार, सम्पर्क, इज्जत, मानमर्यादाको नोक्सान तथा व्यापार अवरोधबाट सिर्जना भएको नोक्सान;

१०.२.४ डाटा हराएमा वा गलत भएमा; र

१०.२.५ कुनै अन्य किसिमको घाटा वा नोक्सान ।

१०.३ हामीबाट साधारणसर्तहरु वा सम्झौताको उल्लङ्घन हुन गएमा हाम्रो आर्थिक जिम्मेवारी ५०० युरो (अथवा ५०० युरो बराबरको स्थानीय मुद्रा) मा सिमित रहनेछ । हामीले जानीबुझी साधारणसर्तहरु वा समझौता उल्लङ्घन गरेमा मात्रै तपाईको नोक्सानी व्यहोर्ने हक हुनेछ ।

१०.४ ग्राहकले वा निजलाई साथ दिने अन्य व्यक्तिले गरेको वा नगरेको कार्यको जिम्मेवारी हामीमा हुदैन तथा ग्राहकले वा निजलाई साथ दिने अन्य व्यक्तिले गरेको वा नगरेको कार्यले कुनै हानी वा नोक्सानी हुन गएमा समेत सोको जिम्मेवार हामी हुँदैनौँ ।

१०.५ तपाई साधारणसर्तहरु, सम्झौता अथवा अन्य कुनै सम्बन्धित कानून वा नियमको उल्लङ्घनको पूर्ण जिम्मेवार हुनु पर्नेछ तथा हाम्रो वा राज्यको निकायको सो सम्बन्धित माग भए सो उल्लङ्घन तुरुन्तै रोकेर सोको तपाईले उपचार गर्नुपनेर्छ । तपाईको यस साधारणसर्तहरु, सम्झौता तथा कानून र नियम उल्लङ्घन भएको कारणले हामीले बुझाएको कुनै प्रत्यक्ष र/वा अप्रत्यक्ष नोक्सानी र/वा हानी,

नाफाको नोक्सानी, खर्च, दण्ड, जरिवानाबापत तपाईले हर्जाना बुझाउनुपर्छ । तपाईको हायर सेवा प्रवाहको सम्बन्धमा कोही ग्राहकले हामीसंग केही दाबी मागेमा सो बापत तपाईले हामीलाई सो को अनुरोधको रसिद पाएको ७ (सात) दिनभित्र पूर्ण रूपमा सो नोक्सानीको क्षतिपूर्ति बुझाउनुपर्छ । हामीले तपाई विरुद्ध कुनै दावी माग गर्नु परेको खण्डमा तपाईले हाम्रो सो क्षतिपूर्ति माग गर्दा लाग्ने नोक्सानी वापतको मुल्यांकन तथा सो दाबी पेश गर्दाको कानूनी खर्चवापतको क्षतिपूर्ति बुझाउनु पर्नेछ ।

१०.५ यस खण्ड नं. १० बमोजिमको दायित्वको सिमितता कानूनले तोकेको अधिक्तम हदसम्म हुनेछ ।

११. अवधि, निलम्बन र समाप्ति

११.१ यस साधारण सर्तहरुमा समावेश भएका सर्त र बन्देजहरु साइन-अप एप्लिकेसन पेश गरे पश्चात लागु हुनेछ । सम्झौता र अन्य सर्तहरु सो कागजात तपाईलाई उपलब्ध गराइएपछि र तपाईले बोल्ट प्लेटफर्ममा हायर सेवा प्रदान गर्न सुचारु गरेपश्चात वा सोलाई निरन्तरता दिएको बखत देखि लागु हुनेछ ।

११.२ तपाईले न्युनतम ७ (सात) दिनको पुर्वजानकारी दिएपश्चात सम्झौता रद्द गर्न सक्नु हुन्छ, त्यसपश्चात तपाईको बोल्ट प्लेटफर्म र बोल्टको सेवाहरुको प्रयोग गर्ने हक अन्त्य हुनेछ । बोल्टले एकतर्फी रूपमा कुनै पनि कारणले तपाईलाई न्युनतम ३ (तीन) दिनको पुर्व स्वीकृति दिएर सम्झौतालाई रद्द गर्न सक्छ ।

११.३ तपाईले साधारण सर्तहरु वा सम्झौता, कुनै सम्बन्धित कानून वा नियम वा कुनै अनुमतिपत्रको उल्लङ्घन लगायतको बोल्टलाई अपमान, अथवा बोल्टको ब्राण्ड, इज्जत र व्यवसायलाई हानी पुर्याएको खण्डमा बोल्टले पूर्व जानकारी नदिई एकतर्फी निर्णय गरी तुरुन्तै सम्झौता रद्द गरी तपाईको बोल्ट प्लेटफर्ममा पहुँचलाई ब्लक गन सक्दछ । माथि उल्लेखित सन्दर्भमा, हाम्रो एकतर्फी निर्णय बमोजिम, तपाईलाई नयाँ ड्राइभर अकाउन्ट दर्ता गर्न प्रतिबन्धित गर्न सक्छौं ।

११.४ हामीलाई तपाईको तर्फबाट अनुमतिपत्र वा जालसाजी कार्य लगायत सम्झौताको उल्लङ्घन भएको आशंका भएमा हामीले अनुसन्धानको अवधिको लागि तुरुन्तै तपाईको बोल्ट प्लेटफर्म तथा बोल्ट ड्राइभर अकाउन्टमा पहुँच निलम्बन (ब्लक) गर्न सक्छौं । अनुसन्धान पछि उक्त आशंका पुष्टी नभएमा सो पहुँचमा गरिएको ब्लक हटाउनेछौं ।

११.५ हाम्रो चाहना सबै ग्राहकवर्गलाई उच्च स्तरको सेवा दिनु हो त्यसैले हामी बोल्ट प्लेटफर्ममा सवारीचालकको कार्यहरुको निगरानी गर्छौं । न्युनतम रेटिङ्ग तथा एक्टिभिटी स्कोर जस्ता न्युनतम सेवा आवश्यकताहरु पुरा नगरेको खण्डमा हामी पूर्व जानकारी बिना तुरुन्तै तपाईको अकाउन्ट निलम्बन गर्न र/वा सम्झौता रद्द गर्न सक्छौं ।

१२. संशोधन

१२.१ बोल्टलाई संसोधन गर्न उपयुक्त लागेको बखत जुनसुकै बखत नयाँ संस्करण यस वेबसाइटमा (https://bolt.eu/legal/) अपलोड गरेर र तपाईलाई (उदाहरणको लागि इमेल, बोल्ट एप, वा बोल्ट ड्राइभर अकाउन्ट मार्फत) जानकारी दिएर यस साधारण सर्तहरु संशोधन गर्ने हक हुन्छ ।

१२.१ बोल्टले साधारण सर्तहरु संशोधन गर्दा देहाय बमोजिमको अवस्थामा बाहेक कम्तिमा १५ दिनको पुर्व सूचना (उदाहरणको लागि इमेल, बोल्ट एप, वा बोल्ट ड्राइभर अकाउन्ट मार्फत) प्रदान गर्नेछ:

१२.२.१ बोल्टलाई साधारण सर्तहरु संशोधन गर्नु पर्ने कानूनी वा नियामक दायित्त्व रहेको र सो बमोजिम पुर्व सूचनाको अवधि पालना गर्न नसकिने भएको खण्डमा;

१२.२.२ स्वस्थ, सुरक्षा, वा साइबर सुरक्षाको अप्रत्यासित तत्काल उत्पन्न जोखिमहरुलाई सम्बोधन गर्न तुरुन्तै संशोधन गर्नु पर्ने भएमा वा बोल्टको सेवाहरु, ग्राहकवर्ग वा सवारीचालकहरुलाई जालसाजी, मालवेयर, स्प्याम, वा डाटाको उल्लङ्घनको विरुद्द रक्षा गर्नुपर्ने भएमा ;

१२.२.३ तपाईले पुर्व सूचनाको अवधिलाई त्याग गर्ने निर्णय गरेकोमा (उदाहरण: तपाई संशोधनको सूचना प्राप्त भए पश्चात समेत बोल्टको सेवाहरु प्रयोग गर्नु भएमा); वा

१२.२.४ बोल्टको मनासिव धराणामा चालकको लागि संशोधन फाइदाजनक रहेमा र निजहरुबाट प्राविधिक समायोजन आवश्यक नभएमा ।

१२.३ साधारण सर्तहरुमा गरिएको संशोधनहरुमा वा सम्झौताको सर्तहरुमा सहमत नभएमा तपाईसंग बोल्टको सेवाहरुको प्रयोग नगर्ने र बोल्टलाई सम्झौता रद्दको जानकारी दिएर सम्झौता रद्द गर्ने हक रहनेछ । सम्झौता रद्दको जानकारीमा अन्यथा उल्लेख गरिएको बाहेक प्रस्तावित संशोधन लागु हुने मितिदेखि सो सम्झौता रद्द हुनेछ । संशोधन लागु हुने मिति वा सोपश्चात तपाईको बोल्टको सेवाहरुको प्रयोगले संशोधित साधारण सर्तहरु वा सम्झौता तपाईको लागि बन्धनकारी रहनेछ भनी स्वीकार गरेको मानिनेछ ।

१३. लागु हुने कानून र अदालती क्षेत्राधिकार

हायर सेवा प्रदान गरिने देशको प्रवधान बन्धनकारी रूपमा लागु गर्नुपर्ने अवस्थामा बाहेक यस साधारण सर्तहरु एस्टोनियाको बन्धनकारी प्रावधानहरु बमोजिम बनाइएको र नियमन गरिएको हो । कुनै देशको बन्धनकारी नियम बमोजिम हायर सेवा प्रदान गरिने देशको अदालतमा नै विवाद समाधान गर्नुपर्ने अवस्थामा बाहेक साधारण सर्तहरुसंग सम्बधित विवाद बार्ताबाट समाधान गर्न नसकेको अवस्थामा सो विवादको अन्तिम समाधान टालिन/एस्टोनियामा अवस्थित हर्जु कन्ट्री कोर्ट मा हुनेछ ।

१४. सूचना

१४.१ तपाईको सम्पर्क विवरणमा हुने कुनै संशोधनको जानकारी हामीलाई तत्काल दिनुपर्नेछ ।

१४.२ साधारण सर्तहरु र सम्झौताबमोजिमको सूचना देहाय रूपमा दिइएकोमा उपयुक्त मानिनेछ :

१४.२.१ व्यक्तिगत रूपमा पेश गरेमा,

१४.२.२ पठाएको प्रमाण सहित कुरियरबाट पठाएमा,

१४.२.३ दर्ता गरेको हुलाकबाट पठाएमा,

१४.२.४ इमेल मार्फत पठाएमा वा

१४.२.५ बोल्ट एप वा बोल्ट ड्राइभर अकाउन्टमार्फत उपलब्ध गराएमा ।

१४.३ माथिल्लो खण्ड बमोजिम कुनै सूचना वा जानकारी पठाएकोमा देहाय बमोजिम भएमा प्राप्त गरेको मानिनेछ:

१४.३.१ व्यक्तिगत रूपमा पेश गरेमा, पक्षलाई पेश गरिएको बखत;

१४.३.२ कुरियरबाट पेश गरेमा, जानकारी समावेश भएको चिट्ठी प्राप्त भएको मिति भनी कुरियरले उल्लेख गरेको मितिमा;

१४.३.३ दर्ता गरिएको हुलाकबाट पेश गरेमा, सो कागजात पेश गर्न हुलाकमा पेश गरेको मितिको दशौँ दिनमा;

१४.३.४ बोल्ट एप अथवा बोल्ट ड्राइभर अकाउन्टबाट उपलब्ध गराएमा, वा

१४.३.५ इमेलबाट पेश गरेको खण्डमा, इमेल प्राप्त गर्ने पक्षले इमेल प्राप्त गरेको जानकारी गराएको दिन वा इमेल पठाउने व्यक्तिले त्रुटिको सूचना (पक्षलाई इमेल प्राप्त नभएको भनिएको) नपाएको खण्डमा इमेल पठाएको अर्को दिन पनि इमेल पठाएको र त्यस्तो त्रुटिको सूचना नपाएको खण्डमा सो दोश्रो दिन ।

१५. अन्तिम प्रावधान

यदि यस साधारण सर्तहरुको कुनै प्रावधान लागु गर्न नसकिने भएमा, पक्षहरुले सो असर परेका प्रावधानहरुलाई सो असर परेका प्रावधानहरुको मनशाय तथा आर्थिक प्रभावसंग निकट प्रावधानले प्रतिस्थापन गर्नेछ ।

पछिल्लो अद्यावधिक: २०७९ साल चैत्र १ गते